Nepal Samacharpatra (National Daily) Thursday, September 15, 2005

# औषधिको आत्मनिर्भरतामा सरकारी नीति बाधक

● निमेष रेग्मी
काठमाडौं

स्वदेशभित्र खपत हुने औषधिमा आत्मनिर्भरताको वकालत हुने गरे पनि सरकारी नीति नै त्यसमा बाधक हुने गरेको औषधि उत्पादकले बताएका छन्।

वार्षिक औसत ६ अर्बको औषधि खपत हुने नेपालमा २ सय ५० विदेशी कम्पनीका उत्पादन बजारमा छेलोखेलो छ। विदेशी कम्पनीको थिचोमिचोमा परेका नेपाली कम्पनीमाथि सरकारले थप थिचोमिचो गरिरहेको औषधि उत्पादकको भनाइ छ।

विदेशी कम्पनीका औषधि नेपाली बजारमा प्रवेशका लागि भन्सार बढीमा पाँच प्रतिशतसम्म छ, तर हामीले त्यही औषधि स्वदेशमा उत्पादनका लागि कच्चा पदार्थ भित्र्याउन साढे १७ प्रतिशतसम्म भन्सार तिर्नुपर्छ, यस्तो अवस्थामा नेपाली उत्पादकले विदेशी उत्पादनसँग बजार प्रतिस्पर्धा कसरी गर्ने ?' -नेपाली उत्पादकलाई सरकारी प्रोत्साहन नभएको उदाहरण दिँदै नेपालमा अन्तर्राष्ट्रिय स्तरको औषधि उत्पादन गरिरहेको देउराली जनता फर्मास्युटिकल्सका कार्यकारी निर्देशक हरिभक्त शर्माले नेपाल समाचारपत्रसँग भन्नुभयो।

विदेशबाट आयातित औषधि र नेपाली उत्पादकले भित्र्याउने कच्चा पदार्थमा भन्सारको भेदभाव अन्त्य हुनुपर्ने माग गर्दै उहाँले भन्नुभयो- 'स्वदेशी उत्पादनलाई थप प्रोत्साहन दिन नसके सरकारले आयातमा लागू गरेको नीति हामीलाई पनि लागू हुनुपर्दछ।'

खास गरी भारतीय कम्पनीका औषधिहरू नेपालका लागि टाउको दुखाइकै विषय छन्। औषधि व्यवस्था विभागमा दर्ता भएपछि सजिलै नेपाली बजारमा प्रवेश पाउने त्यस्ता औषधिको गुणस्तरबारे अनुगमन गर्ने ल्याकत सरकारसँग छैन। त्यस्ता उत्पादनले नेपाली बजारमा मूल्यको प्रतिस्पर्धा गर्ने तर नेपाली कम्पनी भने कच्चा पदार्थमै भन्सार शुल्कको मारमा परेर हतोत्साहित हुने गरेका छन्।

'६ अर्बको औषधि खपत हुने ठाउँमा २ सय ५० कम्पनीका उत्पादन छोडिदिनु अत्याचार नै हो। नेपालभन्दा कैयौं गुणा ठूलो र धेरै जनसंख्या भएको अमेरिकामा पनि ४ सय ८५ कम्पनी मात्रै छन्। यति धेरै कम्पनीको बाढी त बंगलादेश, पाकिस्तान कतै छैन, नेपाललाई मात्र किन यति धेरै विदेशी उत्पादन चाहियो ?' -नेपालले आत्मनिर्भरताका लागि आयात घटाउनुपर्ने माग गर्दै उहाँले नेपालको औषधिको गुणस्तर नियन्त्रण निकाय भुटानको भन्दा पनि कमजोर रहेको दाबी गर्नुभयो।

प्रविधि भित्र्याउने र विकास गर्नेहरूलाई भारतले दिनेजति सहुलियत पनि नेपालको सरकारले नदिएको बताउँदै उहाँले भन्नुभयो- 'देशका लागि प्रविधि भित्र्याउनेहरूका लागि भारतले भन्सार, भ्याटलगायतका क्षेत्रमा ४० प्रतिशतसम्म सहुलियत दिन्छ तर हामीले भने जस्तो प्रविधि भित्र्याए पनि केही छुट छैन, यो स्वदेशीलाई सोस्ने र विदेशी पोस्ने नीति हो' - उहाँले थप्नुभयो।

> 'देशका लागि प्रविधि भित्र्याउनेहरूका लागि भारतले भन्सार, भ्याटलगायतका क्षेत्रमा ४० प्रतिशतसम्म सहुलियत दिन्छ तर हामीले भने जस्तो प्रविधि भित्र्याए पनि केही छुट छैन, यो स्वदेशीलाई सोस्ने र विदेशी पोस्ने नीति हो ।'

(क्रमशः पृष्ठ २ मा)

# औषधिको आत्मनिर्भरतामा...

सानो बजारका बाबजुद पनि औषधि उत्पादनमा नवीनतम प्रविधि भित्र्याएर नेपालमा अन्तर्राष्ट्रियस्तरको औषधि बनाइरहेको देउराली जनताले सरकार सकारात्मक भए स्वदेशी बजारमा विदेशीको प्रभुत्व घटाउन र आत्मनिर्भरतातिर अग्रसर हुन नेपाली उत्पादक सक्षम रहेको जनाएको छ। अहिले नेपालमा कुल मागको ७० प्रतिशत हिस्सा विदेशी उत्पादनको रहेको छ। देशभित्र ४० औषधि उत्पादक कम्पनी रहे पनि बजारहिस्साका हिसाबले उल्लेख्य प्रगति उनीहरूले गर्न सकेका छैनन्।

विदेशी कम्पनीको थिचोमिचोका बाबजुद पनि देशभित्रै गुणस्तरीय औषधिको नारा दिएर आक्रामक बजारीकरणमा ओर्लिएको देउराली जनताले यसै महिनादेखि सुस्वास्थ्य डिभिजनको स्थापना गरी मुटु, नसा, मिर्गौलाजस्ता दीर्घरोगका औषधि पनि बजारमा ल्याएको छ। बंगलादेशको रेनाटा लिमिटेडसँग प्रविधि हस्तान्तरणको सम्झौता गरेको कम्पनीले यसअघि नै विश्व स्वास्थ्य संघको कुशल निर्माण प्रक्रियासम्बन्धी जीएमपी प्रमाणपत्र पाइसकेको छ। त्यस्तै नेदरल्यान्डको गुणस्तर निर्धारण गर्ने संस्था डीएनभीबाट कम्पनीले आईएसओ १४००१ र ९००१ पाइसकेको छ।

करिब ३१ करोड लगानी गरेको कम्पनीले अहिले ८० प्रकारका औषधि बनाउँछ। तर अहिले कुल क्षमताको ६० प्रतिशत मात्रै उत्पादन हुने गरेको छ। अस्वस्थ प्रतिस्पर्धा र विदेशी थिचोमिचोका कारण क्षमताअनुसार उत्पादन गर्न बजारकै समस्या हुने कार्यकारी निर्देशक शर्मा बताउनुहुन्छ।

'अब हाम्रो आँखा अमेरिका र युरोपको बजारतिर पुगेको छ। स्विडेन र अमेरिकामा दर्ताका लागि हामी प्रयासरत छौं, ३-४ वर्षभित्रै हामी अमेरिका र युरोप प्रवेश गर्न सक्छौं भन्ने विश्वासमा छौं' -उहाँले भन्नुभयो।

हस्तकला, गार्मेन्ट तथा कृषिजन्य वस्तुमात्रै निर्यातयोग्य वस्तु हुन भन्ने भान भइरहेका बेला अत्याधुनिक औषधि उत्पादन गरी विदेशी बजारमा प्रतिस्पर्धी बन्न खोज्नेलाई पनि सरकारको प्रोत्साहन नभएकोमा उहाँले खिन्नता प्रकट गर्नुभयो।